**Terms of Reference**

**NRNA Finance Committee**

**एनआरएनए अर्थ समितिको कार्य विवरण:**

१. **परिचय :**

गैरआवासीय नेपाली संघको आर्थिक अवस्थालाई सवल र दिगो वनाउन, संघको आदर्श, कार्यदिशा र उद्देश्यसंग मिल्ने परियोजनाहरु छनोट गर्न तथा आर्थिक रुपमा दिगो अनि सम्भव परियोजनाहरु मात्र संघले कार्यान्वयन गर्ने व्यवस्था मिलाउनका लागि १४ डिसेम्बर सन २०१९ मा भएको ७०औं आइ.सी.सी बैठकले *एनआरएनए आर्थिक दिगोपन फाउण्डेसन तथा फाउण्डेसन विभाग* अन्तर्गत " **एनआरएनए अर्थ** " को व्यवस्था गरिएको छ ।

२. **समितिको कार्य विवरण :**

यस समितिको कार्य विवरण (Terms of Reference) निम्न बमोजिम हुने छ :

२.१ आर्थिक, सामाजिक, साँस्कृतिक सम्भाव्यताको आधारमा संघले गर्ने सम्पूर्ण परियोजनाहरुको मूल्यांकन गर्ने ।

२.२ परोपकारी परियोजनाका साथै संघले संचालन गर्ने परियोजनाहरुको आर्थिक सम्भाव्यता र सामाजिक सांस्कृतिक असरको अध्ययन गरी सम्वन्धित निकायमा शिफारिश गर्ने तथा आयव्ययको व्यवस्थापन गर्ने ।

२.३ संघले संचालन गरिरहेका योजनाहरुको पुनर्मूल्यांकन गर्ने ।

२.४ संघको आर्थिक नीति नियमहरुको तर्जुमा गर्ने ।

२.५ संघको आर्थिक बजेट आर्थिक निमावली निर्माणमा सहयोग गर्ने ।

२.६ गैरआवासीय नेपाली विश्व सम्मेलन, क्षेत्रीय सम्मेलन तथा बैठक र विज्ञ सम्मेलनको आयव्ययको व्यवस्थापनमा सहयोग गर्ने ।

२.७ संघको आर्थिक विकासको लागि एनसिसिहरुलाई परिचालन गर्न सहयोग गर्ने ।

२.८ एनसिसि र आइसिसिका शुल्कहरु निर्धारण गर्नका लागि शिफरिश गर्ने ।

२.९ संघको साधन श्रोतहरुको अभिलेख राख्ने तथा संघको उद्देश्य प्राप्तिका लागि केन्द्रिय कार्य समितिले तोकिएको अन्य कार्यहरु गर्ने ।

**३. समितिको कार्य विधि :**

३.१ समितिका संयोजकको चयन एनआरएनए फाउण्डेसन तथा आर्थिक दिगोपन विभागका प्रमुखको सिफारिशमा र सदस्यहरुको चयन समितिका संयोजकको सिफारिशमा कार्यसमितिको निर्णय बमोजिम हुनेछ । समिति वढीमा २१ सदस्यीयसम्म हुन सक्नेछ ।

३.२ समितिले सदस्यहरु मध्ये कसैलाई खास कामको लागि जिम्मेवारी (अधिकार प्रत्यायोजन) दिन सक्नेछ । समितिले अवश्यकता अनुसार कार्यसम्पादन समिति वनाउन सक्नेछ ।

३.३ समितिले प्राविधिक वा कानुनी कामको लागि विशेषज्ञको सहयोग लिन सक्ने छ ।

३.४ समितिको बैठक हरेक ३ महिनाको एक चोटी बस्ने छ । बैठक भौतिक रुपमा एकै स्थानमा जम्मा भएर वा आधुनिक संचारको प्रयोग गरी टेलिफोन तथा साइबर बाट संचालन गर्न सकिने छ ।

३.५ बैठकको निर्णय इमेल मार्फत Circulation गरिने छ र त्यसमा ७ दिन भित्र कुनै प्रतिक्रिया आएन भने त्यो पारित भएको मानिने छ ।

३.६ कार्यसम्पादन समितिको निर्णयहरु समितिको बैठकले अनुमोदन गर्नुपर्नेछ ।

३.७ समितिले गरेका कार्यको प्रगती विवरण हरेक आइसिसि बैठकको एक हप्ता अगाडि कार्यालय पदाधिकारी समिति समक्ष पेश गरिने छ ।

३.८ संघको सचिवालयले समितिको सचिवालयको कार्य गर्ने छ ।

३.९ समितिले आफ्नो छुटै कार्यविधि वनाई लागू गर्नेछ ।

**४. समितिको समयावधि** :

यस समितिको पदावधि अन्तर्राष्ट्रिय समन्वय परिषदको पदावधि पछि स्वतः समाप्त हुने छ ।

।।समाप्त।।

समितिका सदस्यहरुका नामावली अनुसूची १ अनुसार हुनेछ ।